अनुसूची-१

नेपाल सरकार

अर्थ मन्त्रालय

# निक्षेप तथा कर्जा सुरक्षण कोषको

## प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको

## पदपूर्ति सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति २०७४/०४/१६)**

निक्षेप तथा कर्जा सुरक्षण कोषमा रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्धारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ दिन (२०७४ श्रावण ३० गते) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौंमा गोप्य शिलबन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १. योग्यता तथा अनुभव:

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन, वाणिज्य कानून, लेखा, बैकिङ्ग वा बीमा विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हाँसिल गरी वा चार्टर्ड एकाउण्टेण्ट उपाधी हासिल गरी आर्थिक, बैकिङ्ग, बीमा वा वित्तीय क्षेत्रमा कम्तिमा अधिकृत द्बितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा पाँच वर्ष भन्दा बढीको कार्य अनुभव भएको ।

ख) तीस वर्ष पुरा भई साठी वर्ष उमेर ननाघेको ।

### २. दरखास्त पेश गर्ने प्रक्रिया :

क) दरखास्तसाथ अर्थ मन्त्रालयको website: www.mof.gov.np मा प्रकाशित प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ख)दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) खामबन्दी गरी अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन महाशाखामा पेश गर्नु पर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर “निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना” उल्लेख गरेको हुनुपर्नेछ ।

### ३. व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण :

छनौट सूचीमा परेका उम्मेदवारले आफुले पेश गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ ।

### ४. दस्तुर :

दरखास्त दस्तुर वापत अर्थ मन्त्रालयको कार्यालय कोड नं.: २७-३०५-०७, राजस्व खाताः ५२०१२६५ तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिंहदरवार शाखामा रू.३,०००।- (अक्षरेपी तीन हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

### ५. पारिश्रमिक :

प्रमुख कार्यकारी अधिकृतलाई करारमा उल्लेख भएबमोजिमका शर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

### ६. अन्य विवरण:

क) प्रमुख कार्यकारी अधिकृतको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समाबेश गर्नु पर्ने विषयका सम्बन्धमा अर्थ मन्त्रालयको website: www.mof.gov.np बाट जानकारी लिन सकिनेछ ।

ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

घ) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा वा टेलिफोन नं. ४२११७७० मा सम्पर्क गर्न सकिनेछ ।